# खेलकुद विकास समिति

बराहताल गाउँपालिका

कुनाथरी, सुर्खेत

**कर्णाली प्रदेश ,नेपाल को**

विधान -२०७५

## प्रस्तावना

यस बराहताल गाउँपालिकामा खेलप्रेमी युवाहरुलाई अगाडि बढाउनको लागि विभिन्न किसिमका खेलकुद, शिक्षा सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने, लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण गर्ने समुदायमा यत्रतत्र छरिएर रहेका खेलसंग आवद्ध खेलकुद समिति खेलकुद र क्लवहरुलाई आवद्ध गराई विभिन्न खेलकुद कार्यक्रम तथा सिपमूलक कार्यहरु गर्ने उद्देश्यले बराहताल गाउँ कार्यपालिकाको मिति ................को निर्णय अनुसार बराहताल खेलकुद विकास समिति को विधान २०७५ स्वीकृत गरी बराहताल खेलकुद विकास समिति गठन गरिएकोछ ।

# परिच्छेद -१

## प्रारम्भिक

### १. खेलकुद विकास समितिको नाम :

क) यो खेलकुद समितिको नाम “बराहताल खेलकुद विकास समिति”को नामबाट चिनिने छ । अंग्रेजीमा (BARAHATAL SPORT DEVELOPMENT COMMITTEE )

ख) खेलकुद विकास समितिको कार्यालय रहने ठेगाना :-बराहताल गाउँपालिका को वडा नं..........मा रहनेछ ।

ग) खेलकुद विकास समितिको क्षेत्र : बराहताल गाउँपालिका सुर्खेतको क्षेत्र भरी हुनेछ ।

घ) प्रारम्भ : यो विधान खेलकुद विकास समिति दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :-

क) खेलकुद विकास समिति : “बराहताल खेलकुद विकास समिति” लाई बुझाउनेछ ।

ख) विधान भन्नाले : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (क) १ अनुसार दर्ता भएको बराहताल खेलकुद विकास समितिको विधानलाई जनाउने छ ।

ग) सदस्य भन्नाले : खेदकुद विकास समितिको सदस्यता प्राप्त गरेको सबै सदस्यलाई जनाउने छ ।

घ) तोकिए बमोजिम भन्नाले : यस विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियमावलीलाई जनाउनेछ ।

ङ) कार्यसमिती भन्नाले : खेलकुद विकास समितिको विधान अनुसार गठित कार्य समितिलाई जनाउनेछ ।

च) साधारण सभा भन्नाले : यस विधान अनुसार साधारण सदस्यता र आजीवन सदस्यता लिएका सम्पूर्ण सदस्यहरुको सभालाई जनाउने छ ।

ज) ऐन भन्नाले : स्थानीय सरकार संचालन ऐन २०७४ लाई जनाउनेछ ।

झ) नियम भन्नाले : ऐन अन्तर्गत बराहताल गाउँपालिकाले वनाएको नियमहरुलाई जनाउनेछ ।

**३.खेलकुद विकास समितिको छाप र चिन्ह :-**

यस खेलकुद विकास समितिको छाप गोलो आकारको हुनेछ जसको सबैभन्दा माथिल्लो भागमा नेपालीमा बराहताल खेलकुद विकास समिति हुनेछ, त्यसपछि छापको विचमा हातमा कप बराहताल गा.पा.समातेको व्यक्ति हुनेछ र त्यसको तल खेलकुद विकास समितिको स्थापना मिति २०७५ र ठेगाना बराहताल गा.पा. सुर्खेत लेखिएको हुनेछ ।

## परिच्छेद - २

## उद्देश्य :

**४. खेलकुदको उद्देश्य : खेलकुदको उद्देश्य देहाय बमोजिम हुनेछन र यो खेलकुद विकास** समिति राजनितिक, मुनाफारहित जनहितकारी खेलकुद समिति हुनेछ ।

क) विभिन्न किसिमका खेलकुद सम्वन्धि कार्यक्रम संचालन गर्ने ।

ख) शिक्षा सम्वन्धि विभिन्न किसिमका कार्यक्रमहरु संचालन गर्ने ।

ग) लागू पदार्थ दुर्व्यसनी विरुद्ध कार्यक्रम संचालन गर्ने ।

**५ खेलकुदको उद्देश्य प्राप्त गरिने कामहरु :**

यस खेलकुदले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कार्यहरु गर्न सक्नेछ ।

क) यस खेलकुद विकास समितिले प्रचलित गा.पा.को कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेमा मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

ख) खेलकुदलाई आवश्यक पर्ने घरजग्गा खरिद गर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र टेलिफोन,कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

ग) खेलकुद समितिलाई आवश्यक पर्ने कर्मचाहरुरीको नियुक्ति गा.पा.वाट अनुमति लिइ गा.पा.ले वनाएको नियमानुसार हुनेछ ।

घ) खेलकुदमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

ङ) उद्देश्य प्राप्तिका लागि खेलकुद विकास समितिसँग सम्वन्धित अन्य आवश्यक कार्यहरु गर्न सकिने छ ।

# परिच्छेद -३

## सदस्यता

## ६. सदस्यताको वर्गीकरण :

सदस्यताको वर्गीकरण निम्न बमोजिम हुनेछ ।

क) साधारण सदस्य

ख) आजीवन सदस्य

ग) मानार्थ सदस्य

घ) सल्लाहकार सदस्य

## ७. सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता :-

सदस्यता प्राप्तिका लागि आवश्यक योग्यता निम्न बमोजिम हुनेछ ।

क) १६ वर्ष उमेर पुरा पुगेको नेपाली नागरिक हुनुपर्ने ।

ख) भ्रष्टाचार तथा फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरिएको ।

ग) सामाजिक रुपान्त्रणमा योगदान पुऱ्याउन चाहने व्यक्ति हुनुपर्ने ।

घ) मगज नबिग्रिएको हुनुपर्ने ।

**८. खेलकुद विकास समितिको सदस्यता प्राप्त गर्न वा बहाल रहन सक्ने अवस्था :-**

(१) देहायका कुनै व्यक्ति सदस्य पदमा नियुक्ति हुन सक्ने छैनन् ।

क) गैर नेपाली नागरिक र १६ वर्ष उमेर पूरा नगरेको ।

ख) मगज विग्रेको वा बौलाएको ।

ग) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाक्षी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको ।

घ) सम्वन्धित खेलकुद विकास समिति व्यवसायमा नीजि स्वार्थ भएको ।

ङ) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**९. देहायको अवस्थामा कुनै व्यक्ति खेलकुद विकास समिति सदस्यमा बहाल रहने छैन ।**

क) दफा ८ को उपदफा १ बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा ।

ख) साधारण सभाबाट ५१ प्रतिशत बहुमतले खेलकुद समितिको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा ।

ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) खेलकुद विकास समितिको काम, कारर्वाहीमा बेईमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ) यस विधान बमोजिम खेलकुद विकास समितिले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा तर कुनै व्यक्तिलाई खेलकुद सदस्यता नियूक्ति वा बहाल रहन अयोग्य ठहऱ्याउनु भन्दा अघि खेलकुद विकास समितिले निजलाई सो कुराको सूचना दिई सफाइको सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि**

सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ ।

क) साधारण सदस्यता :

यस खेलकुद विकास समितिमा काम गर्न इच्छुक कुनै पनि व्यक्तिलाई समितिको निर्णय अनुसार साधारण सदस्यता शुल्क रु ....(.......) लिई साधारण सदस्यता प्रदान गरिनेछ । यस्तो सदस्यताले प्रत्येक आ.व. को आषाढ मसान्त सम्म वार्षिक नविकरण शुल्क रु..... तिरी आफ्नो सदस्यता नवीकरण गर्नु पर्नेछ । यदि ६ महिना सम्म पनि सदस्यता नविकरण नगराएमा सदस्यता स्वतः खारेज हुनेछ ।

### ख) आजीवन सदस्यता :

यस खेलकुद विकास समितिमा आवद्ध भई समितिको सदसयमा शुरु देखि अन्त सम्म काम गर्न ईच्छुक कुनै पनि व्यक्तिलाई कार्य समितिको निर्णय अनुसार आजीवन सदस्यता शुल्क ..... (...... ) लिई आजीवन सदस्यता प्रदान गरिनेछ । यस्ता सदस्यले नविकरण गर्नुपर्ने छैन ।

### ग) मानार्थ सदस्य :

यस खेलकुद विकास समितिमा विशेष सहयोग पु¥याउने स्वदेशी तथा विदेशी व्यक्तिहरुलाई कार्य समितिको निर्णय अनुसार मानार्थ सदस्यता प्रदान गरिनेछ । यस्तो सदस्यतालाई कुनै शुल्क लाग्ने छैन र मानार्थ सदस्यलाई कुनै मताधिकार रहने छैन तर यस्तो सदस्यले खेलकुद विकास समितिको इच्छा अनुसार समितिलाई आर्थिक तथा भौतिक सहयोग गर्न सक्नेछन् ।

### घ) सल्लाहकार सदस्य :

यस खेलकुद विकास समितिको सल्लाहाकारमा रही खेलकुद विकास समितिलाई जाहेज सल्लाह र सुझाव दिन सक्ने बढीमा ३ जना व्यक्तिलाई कार्य समितिको निर्णयानुसार सल्लाहकार सदस्यता प्रदान गरिनेछ । तर यस्ता सदस्यलाई कुनै पनि शुल्क लाग्ने छैन र मताधिकार पनि रहने छैन तर स्वईच्छाले खेलकुद विकास समितिलाई जति पनि आर्थिक तथा भौतिक सहयोग गर्न सक्नेछन् ।

## परिच्छेद -४

साधारण सभा, तथा बैंठक सम्बन्धी व्यवस्था

**११. खेलकुद सभा बोलाउने तरिका र सभाका लागि दिइनुपर्ने सूचना सम्बन्धि कुराहरु :**

१) यस खेलकुद विकास समितिको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) वार्षिक साधारण सभा

ख) विशेष साधारण सभा

## क) वार्षिक साधारण सभा

आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र वर्षमा एक पटक कार्य समितिले तोकेको मिमि, स्थान र समयमा वार्षिक साधारण सभा बस्नेछ ।

## ख) विशेष साधारण सभा :

(१) तत्काल साधारण सभाको बैंठक बोलाउन आवश्यक छ भनी साधारण सभाका कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई लिखित रुपमा कार्य समितिलाई विशेष साधारण सभा माग गर्न निवेदन दिइएमा उक्त निवेदन दर्ता भएका मितिले ७ सात दिन भित्र कार्य समितिले विशेष साधारण सभा बोलाउनेछ । तर साधारण सभा वा विशेष सभा बसेको १ महिना भित्र विशेष साधारण सभा बस्न सक्नेछैन ।

२) यस खेलकुद समितिको प्रथम वार्षिक साधारणसभा खेलकुद विकास समिति स्थापना भएको मितिले ३ महिना भित्र गरिनेछ र त्यसपछिका वार्षिक साधारणसभाहरु प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र बस्नेछ ।

३) उपनियम (२) बमोजिम बोलाईएको साधारण सभामा दफा १६ बमोजिमको गणपुरक संख्या नपुगी सभा बस्न नसकेमा दोस्रोपटक कम्तिमा ७ दिनको म्याद लिई पुन : साधारणसभा बोलाइने छ । तर दोस्रोपटक पनि गणपुरक संख्या नपुगेमा उपस्थित सदस्यहरुको संख्यालाई गणपुरक संख्या मानिनेछ ।

४. दफा ११ को नियम १ (क) र (ख) को सभामा गाउँपालिकाको अधिकृत स्तरको प्रतिनिधि लाई अनिवार्य आमन्त्रण गर्नु पर्नेछ ।

# १२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) खेलकुद विकास समितिको आर्थिक एवम् भौतिक विकासको व्यवस्थापन र संचालन सम्बन्धी आवश्यक नीति तयार गर्ने ।

ख) कार्य समितिको निर्वाचन गराउने ।

ग)कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

घ) खेलकुद समिति वार्षिक बजेट तर्जुमा गर्न लगाई स्वीकृत गर्ने ।

ङ) कर्मचारी व्यवस्थापन गर्न ।

च) कार्य समितिको पदाधिकारीलाई दफा ९ को (ख) बमोजिम हटाउने ।

## १३. कार्य समिति :

१) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ तर प्रथम वार्षिक साधारण सभा नभए सम्मका लागि निम्न बमोजिम अध्यक्ष वा सदस्य रहेको तदर्श कार्य समिति रहनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | – | १ जना |
| उपाध्यक्ष | – | १ जना |
| कोषाध्यक्ष | – | १ जना |
| सचिव | – | १ जना |
| सदस्यहरु | – | ५ जना |

२) खेलकुद विकास समितिमा ७ देखि ११ जना सदस्य सम्म साधारण सभाले कार्य समिति गठन गर्नेछ ।

३) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ ।

४) वार्षिक साधारण सभा हुनुभन्दा अगावै समितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिले सो पदमा अर्को कुनै सदस्यलाई मनोनित गर्न सक्नेछ ।जुन सदस्यको पद रिक्त भई मनोनयन गरियको हो उक्त सदस्यको पदावधी रहने अवधि सम्म बहाल रहने छ ।

### १४. कार्य समितिको बैंठक सम्वन्धि कार्यविधि :

१. कार्य समितिको बैठक कम्तीमा वर्षको ३ पटक बस्नेछ , तर एक बैठक र अर्को बैठक बिचको अवधि ६ महिना भन्दा बढी हुने छैन ।

२) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थिति नभई कार्यसमितिको बैंठक हुने छैन ।

३) कार्यसमितिको बैंठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

४) कार्यसमितिको बैंठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैंठकको अध्यक्षता गर्नेछ ।

५) अन्य बैंठक संचालन सम्वन्धि व्यवस्था तोकिएबमोजिम हुनेछ ।

६) कार्यसमितिको बैंठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

७) कार्यसमितिको बैंठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण माईन्यूट छुट्टै किताबमा लेखिराख्नु पर्नेछ र सो को निर्णय विवरण बैंठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कमितमा ५१ प्रतिशतले सही गनुपर्नेछ ।

८) माथिका उपनियमहरुमा जुनसुकै लेखिएको भएता पनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिको सबै पदाधिकारीहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी बैंठक विना पनि काम गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्य समितिको बैंठकको निर्णय सरह मानिनेछ ।

९) खेलकुद विकास समितिले गर्ने भनेको सम्पुर्ण कार्य कार्य समितिको निर्णयवाट हुने छ ।

१०) कार्यसमितिको काम, कर्तव्य र अधिकार

(क) कार्यसमितीको काम, कर्तव्य र अधिकार देहाय बमोजि हुनेछ ।

१) स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन गर्ने ।

२) कार्यक्रमको कार्यान्वयनको लागि आवश्यकता अनुसार उपसमितिहरु गठन गर्ने ।

३) उपसमितिहरुको काम, कर्तव्य, अधिकार तथा कार्यविधि तोक्ने ।

४) खेलकुद समितिको भौतिक तथा आर्थिक विकासका लागि सहयोग संकलन गर्ने ।

५) गाउँपालिका बाट नियुक्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउने ।

६) साधारण सभाबाट पारित निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

७) खेल प्रतियोगिताहरु आयोजना गर्ने र अन्यत्र आयोजित खेलकुद कार्यक्रममा सहभागिता गराउने ।

८) अन्य विविध कार्य गर्ने ।

# परिच्छेद -५

## काम, कर्तव्य र अधिकार

**१५. पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

खेलकुद विकास समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

### १) अध्यक्षको :

क) साधारणसभा तथा कार्यसमितिको बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने ।

ख) खेलकुद विकास समितिको जिम्मामा रहेको सम्पूर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

ग) कार्यसमितिका पदाधिकारीहरुको अनुपस्थितिमा निजले गर्नुपर्ने काम अन्य कुनै पदाधिकारी वा सदस्य लाई गर्न लगाउने ।

घ) कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै आवश्यक कार्य गर्नुपरेमा त्यस्ता कार्य गरी समितिको आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने ।

### २). उपाध्यक्ष

क) अध्यक्षको अनुपस्थितिमा निजले गर्दै आइरहेको सम्पूर्ण काम गर्ने ।

ख) खेलकुद विकास समितिको कुनै पनि कार्यक्रमको सिलसिलामा अध्यक्षलाई भरपुर सहयोग गर्ने ।

### ३. सचिव

क) अध्यक्षको निर्देशन साधारणसभा तथा कार्यसमितिको बैंठक बोलाउने ।

ख) खेलकुद समिति वार्षिक प्रतिवेदन तथा कार्यक्रम तयार गर्ने गराउने र साधारण सभामा पेश गर्ने ।

ग) साधारणसभा कार्यसमितिद्धारा पारित प्रमाणित निर्णयहरु व्यवस्थित गरी राख्ने र कार्यान्वयन गर्ने

घ) खेलकुद समिती दैनिक व्यवस्थापन तथा दैनिक कार्य संचालन गर्ने ।

ङ) अध्यक्षद्धारा दिइएको निर्देशन बमोजिम सुम्पिएको अन्य काम गर्ने गराउनृ ।

च) समितिका कर्मचारी समय सापेक्ष परिचालन गर्ने गराउने

### ४.) कोषाध्यक्षको

क) खेलकुद विकास समितिको नगद र जिन्सीको श्रेस्ता तथा हिसाब-किताब दुरुस्त राख्ने ।

ख) साधारण सभाको बैठकमा समितीको आर्थिक प्रतिवेदन आगामी वर्षको आयव्ययको अनुमनित विवरण तयार पारी पेश गर्ने ।

ग) गाउँपालिकाले खटाएको लेखापरिक्षकबाट लेखापरीक्षण गराउने ।

घ) खेलकुद विकास समितिको आयस्रोतको खोजी गर्ने ।

### ५.) सदस्य :

क) बैठक र साधारणसभा उपस्थित भई खेलकुद विकास समितिको हितमा बोल्ने र आफ्नो महत्वपूर्ण प्रस्ताव राख्ने ।

ख) कार्य समितिबाट भएको निर्णयलाई कार्यान्वयन गर्न सदैब तत्पर रहने ।

## १६. गणपुरक संख्या :

साधारण सभाका कुल सदस्य संख्याको ६० प्रतिशत प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभाको काम, कारर्वाही हुने छैन, तर विधानको दफा ११ को उपदफा ४ मा उल्लेख भए बमोजिम पुन : बोलाईएको साधारणसभामा उपस्थित सदस्यहरुको संख्यालाई नै बहुमत भनी साधारण सभा संचालन गरिने छ ।

# परिच्छेद - ६

## आर्थिक व्यवस्था

## **१७. खेलकुद विकास समिति कोष :**

१. खेलकुद विकास समिति कोष आफ्नै एउटा कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकम हुनेछ ।

क) सदस्यता शुल्क, सदस्यता नविकरण शुल्क ।

ख) कसैले स्वेच्छाले दिएको उपहार, र अनुदान रकम ।

ग) स्वदेशी तथा विदेशी संघसंथाबाट प्राप्त रकम ।

घ) नेपाल सरकारबाट प्राप्त अनुदान ।

ङ) प्रदेश सरकारबाट प्राप्त अनुदान ।

च) स्थानीय सरकारबाट प्राप्त अनुदान ।

२. विदेशी संस्थाबाट अनुदान रकम लिने भए समितिले गाउँपालीका मार्फत अर्थमन्त्रालयको पूर्व स्वीकृति लिनुपर्नेछ ।

## १८. खाता सञ्चालन :

क) खेलकुद विकास समितिको अध्यक्ष र कोषाध्यक्षको संयूक्त दस्तरखतबाट खाता सञ्चालन हुनेछ ।
ख) प्रचलित ऐन, नियम अनुसार खर्च गर्न तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

## १९. खेलकुद विकास समितिको लेखा र लेखापरीक्षण :

१. खेलकुद विकास समितिको आय व्ययको लेखापरीक्षण कानुन बमोजिम राखिने छ ।

२. खेलकुद विकास समितिको लेखापरीक्षण प्रचलित कानुन बमोजिम गाउँपालीकाबाट खटाएको लेखापरीक्षकबाट हुनेछ ।

३. लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गरिने/हुनेछ ।

४. स्थानीय सरकार/प्रदेश सरकार/नेपाल सरकारका तर्फ वाट चाहेको जुनसुकै बखत पनि खेलकुद विकास समितिको हिसाव किताब जाँच्न वा जचाउँन सकिनेछ ।

# परिच्छेद-७

# निर्वाचन

## २०. निर्वाचन सम्बन्धी व्यवस्था :

खेलकुद विकास समितिको कार्यसमितिको निर्वाचन हरेक ३ (तिन) वर्षमा हुनेछ । यसमा मतदाता साधारण सदस्यहरु र आजीवन सदस्यहरु रहनेछन् । एक व्यक्ति एक मतको आधारमा निर्वाचनमा भाग लिन पाउनेछ । सबैभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति विजयी घोषित हुनेछ । उक्त निर्वाचन कार्य सम्पन्न गर्नका लागी ३ जना सदस्य भएको एउटा निर्वाचन कमिटी गठन गरिनेछ । सोही कमिटीले तोकेको समयभित्र प्रचलित निर्वाचन प्रक्रिया अनुसार निर्वाचन सम्पन्न गर्नेछ । निर्वाचन सम्पन्न भए पश्चात् उक्त निर्वाचन कमिटी स्वतः खारेज हुनेछ ।

## २१. खेलकुद विकास समितिको उम्मेदवार हुने योग्यता :

उम्मेद्वार हुने योग्यता निम्न बमोजिम हुनेछ ।

क) १८ वर्ष नाघेको नेपाली नागरिक हुनुपर्ने ।

ख) मगज नबिग्रएको हुनुपर्ने ।

ग) सदस्यता नविकरण गराएको हुनुपर्ने ।

घ) साधारण तथा आजीवन सदस्य भएको हुनुपर्ने

ङ) नैतिक पतन ठहरीने अभियोगको सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

## २२. अविस्वासको प्रस्ताव :

### क) प्रस्तुती पक्रिया

कार्यसमितिका कुनै पनि पदाधिकारी माथि अविश्वासको प्रस्वाव राख्न चाहेमा साधारणसभाका कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले लिखित रुपमा अविश्वासको प्रस्ताव साधारणसभा समक्ष पेस गर्न सक्नेछन् ।

### ख) निर्णय :

माथि उल्लेखित प्रस्ताव उपर निर्णय गर्दा साधारणसभाको कूल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले निर्णय गर्नेछ, अन्यथा मान्य हुने छैन । यसरी गरेको निर्णय सर्वमान्य हुनेछ, तर यस्तो निर्णय हुनु अगावै सम्बन्धित व्यक्तिलाई सफाईको मौका दिनबाट बञ्चित गरिने छैन ।

## .२३.विद्यान संशोधन :

साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र बराहताल खेलकुद विकास समितिको विधानमा संसोधन वा खारेजीका लागि गाउँपालिकामा सिफारिस गरी पठाउनु पर्नेछ । गाउँपालिका बराहताल सुर्खेतबाट स्वीकृत भए पश्चात् मात्र बराहताल खेलकुद विकास सतितिको कुनै दफा संशोधन वा खारेज भएको मानिन्छ ।

## २४. विनियम बनाउन सक्ने :

क) खेलकुद समितिले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम, उपसमिति र निर्देशिका बनाउन सक्नेछ । सो को स्वीकृति गाउँपालिकाबाट प्राप्त भएपछि मात्र लागु हुनेछ ।

ख) खेलकुद समितिका लागि कुनै पनि नीति नियम बनाउने अधिकारी कार्य समितिलाई हुनेछ । सो नीति नियमहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । सो भन्दा अगाडि गाउँपालिकाबाट स्वीकृति लिनुपर्नेछ ।

**२५.तदर्श समिति**

यो खेलकुद समिति स्थापना गरी दर्ता गराउनका लागी गठित समितिले ६ महिनाभित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि कार्यसमितिको गठन गर्नुपर्नेछ । र सो अवधिमा कार्यसमितिले गरेका सम्पूर्ण कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

**२६. खेलकुद समिति खारेजी :**

१) साधारण सभाले आवश्यक देखेमा प्रस्ताव पारित गरी खेलकुद समिति खारेज गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारीत गर्दा साधारणसभाले खारेजीको कामको स्वीकृत प्रस्ताव गाउँपालिकामा पठाउनु पर्नेछ ।

३) साधारण सभाले समिति खारेजी गर्ने निर्णय गरेमा समितिको लेखा परिक्षण सम्पन्न गरि कमिटी गाउँपालिका लाई बरबुझारथ नगरेसम्म समितिका अध्यक्षको जवाफदेहिता अन्त्य हुनेछैन ।

**२७. ऐन अनुसार हुने :**

१) यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ र खेलकुद समिति नियम,निर्देशिका प्रचलित कानुसँग बाभ्किन गएका कुराहरु स्वतः निष्क्रिय हुनेछन् ।

**२८. विविध :**

क) यो खेलकुद समिति कुनै कारणले खारेज वा विगठन भएमा यस खेलकुद समितिको सम्पूर्ण चल अचल सम्पत्ति स्थानीय सरकारको हुनेछ ।

ख) खेलकुद समिति दर्ता गराउँदा तदर्श समितिमा रकेका सबै व्यक्तिहरु स्वत : यस समितिको संस्थापक सदस्य हुनेछन् ।